# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२।०८३
चलानी नं. :

सूचना नं. : ४

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८२।०४।१९**

नेपाल सरकार र स्वीस सरकारविच द्विपक्षिय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत विहादी गाउँपालिका, वहाकीठाँटी, पर्वतमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगार सँग सम्बन्धित मुद्दामा सहयोग तथा सहजिकरण कार्यलाइ सुरक्षित,मर्यादित,व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना तथा परामर्श, न्यायमा पहुँच, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

**विज्ञापन नं. : ०१-२०८२।०८३**

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ (महिलालाई प्राथमिकता) | ○ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>○ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>○ कम्प्यूटर सम्बन्धि आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको)नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। |

**परिक्षा दस्तुर :** रु ७००/- (सात सय रुपैयाँ मात्र)
**परीक्षाको किसिम:** लिखित, कम्प्यूटर सिप परिक्षण र अन्तर्वार्ता ।
**तलव तथा अन्य सुविधा:** स्थानीय सेवाको सम्बन्धित तहको शुरु स्केल वा सो सरह ।
**आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा हस्तलिखित निवेदन सहित यस गाउँपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।
**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८२।०५।०२) कार्यालय समय भित्र ।
आवेदन पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन पेश गर्न सकिनेछ ।
**परिक्षा मिति :** दरखास्त पेश गर्ने अन्तिम मिति पश्चात कार्यालयको वेबसाईट तथा फेसबुक पेज मार्फत सूचना प्रकाशन गरिनेछ ।
**पाठ्यक्रम :** विहादी गाउँपालिकाको वेवसाईट bihadimun.gov.np/psychosocial_Counselor_Syllabus मार्फत हेर्न सकिनेछ ।
*(नोट : लिखित परीक्षामा उत्तीर्ण भएकाहरुलाई मात्रै अन्य प्रक्रियामा समावेश गराइनेछ ।)*

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत